## लालझाडी गाउँपालिका

## आ.व. २०८३/०८४ का विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता

गाउँसभाका सदस्यज्यूहरू,

आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि विनियोजन विधेयक तर्जुमा गर्दा देहायका सिद्धान्त तथा प्राथमिकताहरू अवलम्बन गरिनेछ:

१. सिद्धान्तहरू

(क) स्रोत साधनको सीमितताभित्र रहेर आवश्यकता, औचित्य र उपलब्धताका आधारमा न्यायोचित, पारदर्शी तथा परिणाममुखी बजेट विनियोजन गरिनेछ।

(ख) संघीयता, समावेशिता, दिगो विकास, सामाजिक न्याय र सुशासनका सिद्धान्तलाई केन्द्रमा राखी बजेट विनियोजन गरिनेछ।

(ग) चालु कार्यक्रमको निरन्तरता, अधुरा तथा बहुवर्षीय योजनाको सम्पन्नतालाई पहिलो प्राथमिकता दिइनेछ।

(घ) सार्वजनिक खर्चमा मितव्ययिता, प्रभावकारिता र जवाफदेहिता सुनिश्चित गरिनेछ।

(ङ) स्थानीय स्रोत, सीप र सम्भावनामा आधारित आर्थिक आत्मनिर्भरता प्रवर्द्धन गरिनेछ।

२. प्राथमिकताहरू

(क) अधुरा तथा क्रमागत योजना सम्पन्नता

(१) निर्माणाधीन सडक, भवन, चक्रपथ, तटबन्ध, खानेपानी तथा अन्य पूर्वाधारका अधुरा योजनाहरूलाई उच्च प्राथमिकताका साथ सम्पन्न गरिनेछ।

(२) बहुवर्षीय ठेक्का तथा क्रमागत आयोजनालाई समयमै सम्पन्न गर्न आवश्यक बजेट सुनिश्चित गरिनेछ।

(ख) आर्थिक तथा आयमूलक कार्यक्रम

(१) कृषि, पशुपालन, मत्स्य, सहकारी तथा लघुउद्यम विकासमार्फत रोजगारी र आयआर्जन वृद्धि गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

(२) स्थानीय उत्पादनको मूल्य अभिवृद्धि, ब्रान्डिङ र बजारीकरण (जस्तैः लालझाडीका केरा लगायत) लाई विशेष जोड दिइनेछ।

(३) "एक वडा, एक उद्योग" र स्टार्टअप अनुदान कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ।

निर्मल राना
अध्यक्ष

लालझाडी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

(ग) **सुशासन तथा सेवा प्रवाह**

(१) डिजिटल गभर्नेन्स, ई हाजिरी, अनलाइन सेवा तथा राजस्व प्रणालीमार्फत सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

(२) आन्तरिक नियन्त्रण प्रणाली, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र गुनासो व्यवस्थापनलाई सुदृढ गरिनेछ।

(३) बेरुजु न्यूनीकरण तथा वित्तीय अनुशासनलाई प्राथमिकता दिइनेछ।

(घ) **सामाजिक विकास र समावेशिता**

(१) स्वास्थ्य, शिक्षा, लैङ्गिक समानता, बालमैत्री तथा अपाङ्गमैत्री कार्यक्रमलाई निरन्तरता दिइनेछ।

(२) लक्षित वर्ग (महिला, दलित, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, विपन्न) का लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

(ङ) **पूर्वाधार विकास र दिगोपना**

(१) सडक, पुल, भवन, सिँचाइ, ऊर्जा तथा खानेपानी पूर्वाधारको स्तरोन्नति तथा विस्तार गरिनेछ।

(२) वातावरणमैत्री पूर्वाधार, हरित विकास र विपद् जोखिम न्यूनीकरणलाई समेटिनेछ।

(च) **राजस्व सुदृढीकरण र वित्तीय व्यवस्थापन**

(१) आन्तरिक राजस्वको दायरा विस्तार, डिजिटल कर प्रणाली र करदाता मैत्री प्रशासन लागू गरिनेछ।

(२) खर्चको दक्षता अभिवृद्धि गर्दै वित्तीय अनुशासन कायम गरिनेछ।

अन्त्यमा, उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग गर्दै अधुरा योजना सम्पन्न गर्ने, आयमूलक कार्यक्रमलाई प्राथमिकता दिने र सुशासनलाई केन्द्रमा राखी "समृद्ध लालझाडी" निर्माण गर्ने दिशामा विनियोजन विधेयक केन्द्रित रहनेछ।

धन्यवाद।

लालझाडी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

२०८२।२।९

निर्मल राना
अध्यक्ष